निर्णयहरू:-

१. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ३४९९, मिति २०७६-१२-२२ को पत्रसाथ प्राप्त माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको अध्यक्षतामा बसेको नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६-१२-२० को बैठकबाट प्राप्त निर्णयहरू कार्यान्वयन गर्ने, गराउने सम्बन्धमा देहाय बमोजिम गर्ने।

निम्न:-

क. देहायका प्रावधानहरूको पूर्ण पालना हुने सुनिश्चित गरी विकास निर्माण आयोजनाहरू, दैनिक अत्यावश्यक उपभोगका खाद्यवस्तु उत्पादन गर्ने उद्योगहरू, चिनी तथा चिया उद्योग, पशुपन्छीको दाना उत्पादन गर्ने उद्योगहरू, इटाभट्टाहरू सञ्चालन गर्न दिने ।

a. श्रमिक र अन्य जनशक्तिहरू अनिवार्य रूपमा कार्यस्थलभित्रै रहनुपर्ने, उनीहरूलाई आवास र खानाको व्यवस्था कार्यस्थलभित्रै गरिनुपर्ने, कार्यस्थलबाट बाहिर जान र कार्यस्थलबाहिर रहेका पारिवारका सदस्यलगायत अन्य कुनै पनि व्यक्तिहरूसँग सम्पर्कमा आउन नदिने,

b. कार्यस्थलमा व्यक्ति व्यक्तिबीच न्यूनतम भौतिक दूरी कायम गर्नुपर्ने,

c. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य सम्बन्धी प्रोटोकल पालना गर्ने,

d. श्रमिक लगायत कार्यस्थलमा रहने सबैको दैनिक ज्वरो नाप्ने, नियमित स्वास्थ्य जाँच गर्ने, मास्क, सेनिटाइजर तथा साबुन पानीको प्रयोग गर्ने गराउने,

e. यी प्रावधानहरू पालना गर्ने गराउने जिम्मेवारी विकास निर्माण आयोजनाहरूको हकमा आयोजना प्रमुख एवं विभागीय प्रमुखको र निजी क्षेत्रबाट सञ्चालित उद्योगको हकमा उद्योगधनी तथा सञ्चालकको हुने ।

ख. सिजन अनुसार तत्कालै लगाउनुपर्ने र उठानुपर्ने बाली लगाउने र उठाउने कार्य गर्न दिने । यस्तो कार्य गर्दा न्यूनतम भौतिक दूरी कायम गर्ने, मास्क लगाउने, सेनिटाइजर प्रयोग गराउने, नियमित रूपमा साबुन पानीले हात धुने । स्थानीय तह र स्थानीय सुरक्षा निकायले समन्वयात्मक रूपमा यसको अनुगमन गर्ने ।

ग. राजमार्गहरूमा करिब १०० किलोमिटरको दूरीमा रहेका पेट्रोल पम्पको नजिक पर्ने गरी सवारी साधनको साधारण मर्मत गर्ने वर्कशप खोल्न दिने । यसको समन्वय र सहजीकरण जिल्ला प्रहरी कार्यालय, मकवानपुरले गर्ने ।

घ. बुँदा क देखि ग सम्मका सबै प्रावधानहरूको पालना सुनिश्चित गर्न र आवश्यक समन्वय गर्न नोडल अफिसरको रूपमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत श्री देबचन्द्र गर्तौलालाई तोक्ने ।

ङ. आवागमन उपर थप निगरानी गरी चेकजाँचमा कडाइ गर्ने । जिल्लाको सीमानाकामा हुने व्यक्तिहरूको आवागमन रोक्ने ।

च. यस अघि संक्रमणको अवधिभित्र नेपाल प्रवेश भइसकेका व्यक्तिहरूको निगरानी तथा स्वास्थ्य परीक्षण गर्ने, क्वारेन्टाइनको व्यवस्थापन गर्ने, संक्रमितको परीक्षण गर्ने, आइसोलेसनको व्यवस्थापन गर्ने तथा औषधी उपचारका कार्यहरूलाई थप प्रभावकारी तुल्याउने कार्यहरूमा प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ।

छ. स्थानीय रूपमा स्थापना भएका क्वारेन्टाइनको खाना खर्च तोकिएको मापदण्डका आधारमा बागमती प्रदेश सरकार र स्थानीय तहले स्थापना गरेको कोषबाट व्यहोर्ने व्यवस्थाका सम्बन्धमा आवश्यक समन्वय गर्ने ।

ज. सर्वसाधारण नागरिकहरूका लागि अत्यावश्यक उपभोग्य सेवा तथा वस्तुहरूको आपूर्तिको व्यवस्था मिलाउन मकवानपुर उद्योग वाणिज्य संघले समन्वय गर्ने र जिल्ला प्रशासन कार्यालय, मकवानपुरले सहजीकरण गर्ने ।

झ. भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरुको संख्या, तिनीहरुको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report देहाय बमोजिम रहेको व्यहोरा बैठकमा अवगत गराइयो ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

०७६।१२।२३
दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको संख्या, तिनीहरुको स्वास्थ्य अवस्था, यस जिल्लामा स्थापना गरिएको क्वारेन्टाइन, Isolation Ward र ICU Ward को संख्या र तिनमा राखिएका व्यक्तिहरूको संख्या र स्वास्थ्य परीक्षण सम्बन्धी Report को विवरण (मिति २०७६-१२-२३ सम्मको)

| क.सं. | स्थानीय तह | विदेशबाट आएकाहरूको संख्या | विदेशबाट आएकाहरूको प्रारम्भिक Screening गरिएको संख्या | प्रारम्भिक Screening गरिएकाहरूको स्वास्थ्य अवस्था | स्थापित क्वारेन्टाइन/Isolation/ICU को संख्या | क्वारेन्टाइन तथा Isolation मा रहेकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | हेटौडा उ.म.न.पा. | १८४ | १८४ | सामान्य रहेको | -हेटौडा एकेडेमिमा १०० बेडको क्वारेन्टाइन सञ्चालन गर्न सकिने अवस्थामा तयार गरिएको।<br>-४ ICU सहित ३४ Isolation Bed श्रमिक मा.वि.मा तयार गरिएको) | १जना Isolation मा रहेको | |
| २. | थाहा न.पा. | ८२ | ८२ | सामान्य रहेको | ओम रिसोर्टमा २५ कोठामा क्वारेन्टाइन सञ्चालनको व्यवस्था मिलाइएको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ३. | कैलाश गा.पा. | ६ | ६ | सामान्य रहेको | ५ बेडको क्वारेन्टाइन | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ४. | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य रहेको | - | सबै होम क्वारेन्टाईनमा रहेका | |
| ५. | भिमफेदी गा.पा. | १९ | १९ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ६. | मनहरी गा.पा. | ६९ | ६९ | सामान्य रहेको | अग्नीहोत्री आश्रममा २५ बेडको क्वारेन्टाइनको व्यवस्था मिलाइएको । | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ७. | राक्सीराङ गा.पा. | ७ | ७ | सामान्य रहेको | २ बेडको क्वारेन्टाइन | होम क्वारेन्टाइनमा रहेको | |
| ८. | मकवानपुरगढी गा.पा. | ५ | ५ | सामान्य रहेको | - | सबै होम क्वारेन्टाइनमा रहेका | |
| ९. | बकैया गा.पा. | १२ | १२ | सामान्य रहेको | छतिवनमा ४ Isolation Bed को व्यवस्था गरिएको र १२ बेडको क्वारेन्टाइन रहेको | सबै होम क्वारेन्टाइनमा रहेका | |
| १०. | बागमती गा.पा. | २४ | २४ | सामान्य रहेको | ५० बेडको क्वारेन्टाइन | २ जना क्वारेन्टाइनमा | |
| | जम्मा | ४२४ | ४२४ | | **क्वारेन्टाइन बेड संख्या:- २१९**<br>**Isolation Bed संख्या:- ३४**<br>**ICU संख्या:- ४** | **क्वारेन्टाइनमा रहेका:- २**<br>**Isolation मा रहेका:- १** | |

**अन्य विवरण:-**

१. लायन्स क्लवबाट श्रमिक मा.वि. मा स्थापना गरिएको Isolation Ward लाई ८ थान PPE र ४० थान स्यानीटाइजर प्रदान गरिएको ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

२०७६।१२।२३
दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी